# स्थानीय-राजपत्र

डाक्नेश्वरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी मधेश प्रदेश, नेपाल

डाक्नेश्वरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड-१ संख्याः ०१ मितिः २०८१।११।१६

भाग-१

## डाक्नेश्वरी नगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति, नविकरण तथा स्तरोन्नति सम्वन्धी कार्यविधि, २०८१

डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी
मधेश प्रदेश, नेपाल

डाक्नेश्वरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी मधेश प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

डाक्नेश्वरी नगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धि कार्यविधि, २०८१

कार्यपालिका बाट स्वीकृत मितिः २०८१।११।१६

प्रस्तावनाः नागरिकलाई सर्वसुलभ एंव गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम सरकारी, निजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार, स्वास्थ्य सेवा सञ्चालन गर्दा पालन गर्नुपर्ने मापदण्ड तथा स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित एंव प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) उपदफा २ को खण्ड (झ) ले दिएको अधिकारलाई आधार मानी डाक्नेश्वरीका जनस्वास्थ्य ऐन, २०७७ को दफा १० (६) अनुसार नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१

## *प्रारम्भिक*

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "डाक्नेश्वरी नगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धि कार्यविधि, २०८१" रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि,

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल समेतलाई सम्झनु पर्छ ।

(ख) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनुपर्छ । सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ्ग होम, पञ्चकर्म अस्पताल, होमियोप्याथी, प्राकृतिक, अकुपचर/अकुप्रेशर अस्पताल समेतलाई सम्झनु पपर्छ ।

(ग) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्वन्धी जाँच गर्ने, उपचार सम्वन्धी आवश्यक परामर्श दिने, एक स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, फार्मेसी सेवा, प्रतिकारात्मक सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्यालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैक्लपिक चिकित्सा सेवा समेतलाई जनाउँदछ ।

(घ) "रेडियो इमेजिङ सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तै एक्स रे, USG जस्ता सेवाहरु प्रदान गर्ने कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ङ) "प्रयोगशाला" भन्नाले स्वास्थ्य सम्वन्धी निदानात्मक सेवाहरु चिकित्सा प्रयोगशाला, निदान प्रयोगशाला, मेडिकल प्रयोगशाला, जनस्वास्थ्य प्रयोगशाला वा रोगको निदान, जाँच, रोकथाम, मेडिकल उपचारको निर्णय, रोगको निगरानी वा जनस्वास्थ्य सम्वन्धि कार्य गर्न कानून बमोजिम दर्ता भई सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(च) "स्वास्थ्य संस्था" भन्नाले यो कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता भई डाक्नेश्वरी नगरपालिकाबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद अस्पताल तथा क्लिनिकहरु समेतलाई जनाउँछ ।

(छ) "फार्मेसी/ औषधी पसल" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई औषधी बिक्री वितरण गर्ने, थोक तथा खुद्रा संस्थालाई सम्झनु पर्छ ।

(ज) "प्राविधिक समिति" भन्नाले स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण, स्तरोन्नती साथै स्वास्थ्य संस्थाको सेवा तथा गुणस्तर अनुगमन तथा नियमनका लागि नगरपालिकाले गठन गर्ने अनुसूचनी- १ बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतलाई सम्झनु पर्छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

(ञ) "प्रादेशिक स्वास्थ्य निकाय" भन्नाले मधेश प्रदेशमा रहेको स्वास्थ्य सम्बन्धी मन्त्रालय, निर्देशनालय वा कार्यालयलाई समेत सम्झनु पर्छ ।

(ट) "नगरपालिका" भन्नाले डाक्नेश्वरी नगरपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद- २
### *स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी व्यवस्था*

**३. स्वास्थ्य सेवा सञ्चालनः**

(१) यस कार्यविधि बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य पनि स्वास्थ्य सेवा सञ्चालन गर्न गराउन हुँदैन ।

(२) कसैले यस कार्यविधि अनुमति नलिई नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य बन्द गरी क्षतिपूर्ति वा जरिवाना गर्न वा कालो सूचीमा राख्न वा भविष्यमा सो कार्य गर्न नपाउने गरी व्यवस्था गर्न सक्नेछ ।

(३) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार नगरपालिकाबाट अनुमति लिई बहिरंग सेवा, आक्समिक सेवा, अन्तरंग सेवा, निदानात्मक सेवा (प्रयोगशाला, रेडियो इमेजिङ समेत), प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा, फिजियोथेरापी सेवा, अस्पताल व्यवस्थापन, पोषण गृह, घरमा आधारित स्वास्थ्य सेवा, आयुर्वेद, होमियोप्याथी लगायतका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ ।

(४) नगरपालिकाभित्र स्वास्थ्य सेवाको पहुँच कम भएको क्षेत्रमा स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्नका लागि प्राथमिकता दिइनेछ ।

## परिच्छेद- ३
### *स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया*

**४. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदानः** (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको, सेवा विस्तार वा स्तरोन्नति गर्ने प्रयोजनका लागि नगरपालिकाले अनुमति दिन सक्नेछ ।

(क) १५ शैया सम्मको अस्पताल

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु

(ग) फिजियोथेरापी केन्द्र, पूर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपञ्चर अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु

(घ) जेरायाट्रिक परामर्श केन्द्र, पोषण केन्द्र

(ङ) "डि" र "ई" वर्गको प्रयोगशाला

(च) निदानात्मक रेडियो इमेजिङ सेवा

(छ) जनस्वास्थ्य सेवा नियमावली तथा प्रदेश स्वास्थ्य सेवा नियमावलीमा तोकिए बमोजिकका सेवाहरु ।

**५. पूर्वाधार निर्माण आशय पत्रका लागि निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि अनुसूची- ३ बमोजिम आशय पत्रका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर नगरपालिकाले जाँचबुझ गरी आशय पत्र दिन उपयुक्त भएमा बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागि निवेदकलाई आशय पत्र (Letter of Intent) दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा पूर्वाधार निर्माणको आशयपत्र प्रदान गर्न नसिकने भएमा निवेदकलाई सो कुराको लिखित जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित संस्थाले अनुरोध गरेमा बढीमा एक वर्षमा नबढने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(५) यो कार्यविधि जारी हुँदा इजाजतपत्र लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्था नयाँ स्थानमा स्थानान्तरण गर्नपर्ने अवस्थामा पूर्वाधार निर्माणको आशयपत्र लिनुपर्नेछ ।

६. सञ्चालन अनुमति दिन सकिने: (१) दफा ५ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित अस्पतालले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची- ४ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) स्वास्थ्य क्लिनिक, प्रयोगशाला, रेडियो ईमेजिङ सेवा, आयुर्वेद क्लिनिक आदि स्थापना तथा सञ्चालन अनुमतिका लागि सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची- ५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश हुने निवेदन साथमा स्वास्थ्य संसथाहरुले अनुसूची- ६ बमोजिम स्वास्थ्यको स्वः मूल्याङ्कन फाराम भरी पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा प्राविधिक समितिले स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहतिको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेपर्नेछ ।

(५) उपदफा (४) बमोजिम समितिको प्रतिवेदनको आधारमा र यि कार्यविधिमा उल्लेखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई नगरपालिकाले १ वर्ष परिक्षण कालमा रहनेगरी बढीमा तीन वर्ष सम्मका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) यस कार्यविधि बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम समितिको प्रतिवेदन प्राप्त भएको मितिले ३० दिन भित्र निर्णय गरी सक्नुपर्नेछ र सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(७) यो कार्यविधि प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई संचालन गरिरहेका स्वास्थ्य संस्थालाई नगरपालिकाले तोकेबमोजिमको शुल्क लिई निश्चित अवधिको लागि कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

७. थप सेवा विस्तार वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने: स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट यस कार्यविधि बमोजिमका प्रक्रिया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

८. पुनः अनुमति प्राप्त गर्न निवेदन दिनुपर्ने: (१) यस कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो कार्यविधि प्रारम्भ भएपछि तोकिएको अवधिभित्र नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थालाई यस कार्यविधि बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षको समयवधि दिन सक्नेछ ।

(३) यस दफा बमोजिमको प्रक्रिया पूरा गरेका संस्थालाई दफा ६ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(४) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिएपनि अनुमति नपाउने वा निर्धारित अवधिभित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति नगरपालिकाले रद्द गर्नेछ ।

९. अनुमति दस्तुर बुझाउनुपर्ने: (१) स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले नगरपालिकाले आर्थिक ऐन वा राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाहरुले नविकरण वापतको दस्तुर प्रत्येक वर्ष बुझाउनुपर्नेछ ।

१०. नविकरण गराउनुपर्ने: (१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वस्थ्य संस्थाले सेवा संचालन अनुमतिको अवधि समाप्त हुने मिति अगावै नगरपालिकामा नवीकरणका लागि निवेदन दिनु पर्नेछ ।
नगरपालिकाले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र आवश्यक जाँचबुझ गरी नवीकारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले तोकेबमोजिमको दस्तुर लिई बढीमा तीन वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ तर यो कार्यविधि प्रारम्भ हुनुअघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन वर्षमा नबढाई प्रत्येक वर्षका लागि अनुमति नवीकरण गरिदिन सक्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

(३) उपदफा (२) बमोजिम अवधिभित्र नवीकरणको लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नवीकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको अवधिभित्र अनुमतिका लागि निवेदन दिएमा नगरपालिकाले तोके बमोजिमको दस्तुरको अतिरिक्त संचालन अवधिको दस्तुर र सोही बमोजिमको नवीकरण दस्तुर लिई एक पटकको लागि कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो अनुमति नवीकरण गर्न सक्नेछ ।

११. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः (१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस कार्यविधिमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्वः मूल्याङ्कन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न निर्देशन दिइनेछ । त्यसपछिको एक महिनाभित्र पनि प्रतिवेदन पेश नगरेमा सचेत गराइनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आवश्यकता अनुसार संभावित जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तिय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस कार्यविधि मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

गरेको पाइएमा त्यस्ता संस्थालाई बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(५) निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस कार्यविधि बमोजिमका गुणस्तर तथा पूवाधार मापदण्ड पुरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई प्रदान गरिदैं आएको दर्ता तथा नवीकरण अनुसारका सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम स्वास्थ्य संस्थालाई कारवाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाई पेश गर्न मौका दिनुपर्नेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले बाधा गर्ने छैन ।

(८) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले प्रचलित कानूनको वर्खिलाप नहुनेगरी संघीय तथा प्रादेशिक स्वास्थ्य निकाय बाट सेवा सञ्चालन अनुमति गरेको अस्पताल वा स्वास्थ्य संस्थाको समेत अनुगमन गर्न सक्नेछ ।

१२. अनुगमन सम्बन्धित व्यवस्थाः (१) दफा २ को खण्ड (ञ) अनुसार गठित प्राविधिक समितिलाई आवश्यक निर्देशन तथा मार्गदर्शनका लागि नगरपालिकाले अनुसूची- २ बमोजिम अनुगमन समिति गठन गर्नेछ ।

(२) दफा १ अनुसार गठित अनुगमन समितिले प्राविधिक समिति मार्फत भए गरेका क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(३) स्वास्थ्य संस्थाको दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नती सम्बन्धि निर्णयका लाग अस्पष्टता वा द्विविधा भएमा प्राविधिक समितिले अनुगमन समितिमा आवश्यक मार्गदर्शनका लागि पेश गर्न सक्नेछ ।

(४) यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुगमन समितिले डाक्नेश्वरी नगरपालिकाभित्र संचालनमा रहेका सबै स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ ।

१३. निवेदन दिन सक्नेः (१) दफा ११ को उपदफा (५) बमोजिम दिएका आदेश वा समितिले यस कार्यविधि बमोजिम पेस गरेको प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिनभित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर प्रमुखले समितिलेसँग प्रतिक्रिया समेत लिई १५ दिनभित्र छानबिन गरी निर्णय दिन सक्नेछ ।

१४. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्नसक्नेः (१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एम आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सो को अनुमतिका लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा नगरपालिका समक्ष निवेदन दिन सक्नेछन् तर गाभिने स्वास्थ्य संस्थाको शैया संख्या १५ वा सोभन्दा कम हुनु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

१५. अनुमति खारेजी तथा कारबाही सम्बन्धी व्यवस्थाः (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुमति प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्न एक पटकको लागि तोकिएको समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा १० को उपदफा (४) बमोजिमको अवधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमिति स्वतः खारेज हुनेछ ।

## परिच्छेद- ४

## *स्वास्थ्य संस्थाको गुणस्तर तथा पूवार्धार सम्बन्धी मापदण्ड*

**१६. गुणस्तर तथा पूर्वाधार सम्बन्धी मापदण्डः** (१) सबै प्रकारका स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नका साथै देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पालना गर्नुपर्नेछ ।

(१) स्वास्थ्य उपचार तथा प्रेषण

(क) स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीहरुलाई चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनुपर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाईबाट पदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न, कार्य सञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागू गर्नू पर्नेद्छ ।

(घ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सककबाट प्रदान गर्ने साथै उपलब्ध चिकित्सककहरु मध्ये बिरामीले सेवा लिन चाहेको चिकित्सकबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) बिरामी र बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ ।

(च) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मी आकस्मिक सेवा दिएको हुनुपर्ने ।

(छ) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने, बिरामीको रेफरल प्रक्रिया र अन्तर्विभागीय तथा अन्तरसंस्था बिरामी सार्ने पद्धती स्पष्ट परिभाषित भएको हुनुपर्ने र सो बमोजिम ढाँचामा सबैले देख्ने ठाँउमा राख्नुपर्नेछ ।

(ज) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेका प्रोटेकल/ मापदण्ड अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(२) सूचना संप्रेषण तथा व्यवस्थापन

(क) स्वास्थ संस्थाबाट सेवा प्रप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र सबैले देख्ने गरी राख्नुपर्नेछ र सोही अनुरुप सेवाको शुनिश्चितता गर्नुपर्नेछ ।

(ख) स्वास्थ्य संस्था भित्र प्रभावकारी सूचना सप्रेषणका लागि आवश्यक कर्मचारी सहितको सोधपुछ वा सहायता कक्षाको व्यवस्था गरेको हुनुपर्नेछ ।

(ग) स्वस्थ्य संस्थामा आउने आवश्यक कर्मचारी सहितको बिरामीलाई सोधपुछ वा सहायता कक्षाको व्यवस्था गरी सूचना दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले सेवा सम्बन्धि समय तालिका दिन र बार समेत खुल्ने गरी सबैले देख्ने ठाँउमा राखु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थामा उजुरी पेटिका सबैले देख्ने स्थानमा राखुपर्नेछ । जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्नुपर्नेछ ।

(च) प्रत्येक स्वास्थ्य संस्थाले सूचना अधिकारी तोकी सो को जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृ

(छ) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

(३) सामाजिक सुरक्षा

(क) स्वास्थ्य संस्थामा रहेको शैया संख्याको दश प्रतिशत शैया आकस्मिक सेवाको लागि छुट्याईएको हुनुपर्नेछ र शैया

क्षमताको आधारमा चिकित्सकक तथा अन्य स्वास्थ्यकर्मी व्यवस्था गरेको हुनुपर्नेछ ।

(ख) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ । यस्ते सेवामा व्यक्तिलाई दिईएको उपचारको छुट रकम गणना गरिने छैन ।

(ग) उपदफा (३) (ख) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन नगरपालिकामा मासिक रुपमा पठाउनुपर्नेछ ।

(घ) अस्पतालमा ज्येष्ठ नागरिकलाई विशेष किसिमका सुविधाको व्यवस्था हुनुपर्ने र अपाङ्गता मैत्री सेवा प्रदान गरिएको हुनु पर्नेछ ।

(४) जनशक्ति व्यवस्थापन

(क) स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सकक लगायतको जनशक्ति मान्यता प्राप्त वा शिक्षण संस्थाबाट उत्तिर्ण गरी सम्बन्धित परिषदमा दर्ता र नियमानुसार नविकरण भएको हुनुपर्नेछ।

(ख) तालिम आवश्यक हुने जनशक्तिको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त वा सो सरहको संस्थाबाट तालिम प्राप्त गरेको हुनुपर्नछ।

(ग) स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति नेपाली नागरिक हुनुपर्नेछ । विदेशी नागरिकको हकमा नेपाल सरकारबाट अनुमति प्राप्त गरेको हुनुपर्नेछ।

(घ) हरेक स्वास्थय संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्वन्धी विनियम बनाएको हुनुपर्नेछ।

(ङ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षा व्यवस्था गरेको हुनुपर्नेछ।

(५) औजार तथा उपकारण :

(क) स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको प्रकृति अनुसारका आवश्यक गुणस्तरीय तथा प्रविधिमैत्री औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ।

(ख) प्रयोग गरिने औजार उपकरणहरु चालु हालतमा हुनुपर्ने र नियमित सरसफाइ तथा मर्मत सम्भार गर्नुपर्नेछ ।

(ग) औजार उपकरणहरुको निर्मलीकरणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(६) स्वास्थ्य संस्था रहने तथा भवन :

(क) स्वास्थ्य संस्था स्थापना तथा संचालनका लागि छनौट गरिएको स्थान त्यस्तै प्रकृतिक स्वास्थ्य संस्था रहेको स्थान भन्दा कम्तिमा एक किलोमिटर टाढा हुनुपर्नेछ । विशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने अस्पताल, आयुर्वेद जस्ता फरक प्रकृतिका अस्पतालको हकमा र जनघनत्वको आधारका स्वास्थ्य संस्था आवश्यक देखिएमा वा नविकरण गरिने संस्थाको हकमा यो वन्देज लागू हुनेछैन ।

(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनुपर्नेछ । आफ्नो जग्गा नभएको हकमा कम्तीमा दश वर्षका लागि जग्गा भाडाका लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ। साथै मापदण्ड पुरा भएको भवनलाई भाडामा लिई समेत संचालन गर्न सकिनेछ।

(ग) स्वास्थ्य संस्था सञ्चालन गरिने भवनको नक्सा र डिजाइन साथै भुकम्पीय जोखिम प्रतिरोध क्षमता लगायत अन्य पूर्वाधार प्रचलित भवन संहिता तथा भवन निर्माण मापदण्ड अनुसार निर्माण गरेको हुनुपर्नेछ । भाडामा लिइने भवन समेत प्रचलित भवन संहिता तथा मापदण्ड अनुरुप निर्माण भएको हुनुपर्नेछ।

(घ) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) सम्बन्धी मापदण्ड प्रचलित कानूनमा तोकिए बमोजिम हुनुपर्नेछ ।

(७) आधारभूत पूर्वाधार

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) स्वास्थ्य संस्था रहने स्थान बाह्यक्षेत्रीय प्रदूषणबाट मुक्त स्वस्थ वातावरण सहितको हुनुपर्नेछ ।
(घ) स्वास्थ्य संस्था हुने स्थानमा पानी, बिजुली, सडक, यातायातको पहुँच र सञ्चार सुविधा भएको हुनुपर्नेछ ।
(ङ) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल आदि जस्ता सवारी साधनका लागि पार्किङको आवश्यक व्यवस्था भएको हुनुपर्नेछ ।
(च) स्वास्थ्य संस्था ज्येष्ठ नागरिक, बालबालिका तथा अपांगतामैत्री हुनुपर्नेछ ।
(छ) स्वास्थ्य संस्थामा स्ट्रेचर, ह्विलचेयर तथा ट्रलीको सहज आवागमनको व्यवस्था भएको हुनुपर्नेछ । आकस्मिक अवस्थामा बहिर्गमन द्वारको व्यवस्था भएको हुनुपर्नेछ ।
(ज) स्वास्थ्य संस्थाको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातावरण अनुकुलित यन्त्र राखिएको हुनुपर्नेछ ।
(झ) आकस्मिक प्रकोपको अवस्थाका बारुणयन्त्र आवागमनमा सहज हुने गरी भवन निर्माण भएको हुनुपर्नेछ । पर्याप्त संख्यामा अग्निसमयन्त्र (Fire Extinguisher) जडान भएको हुनुपर्नेछ ।
(ञ) स्वास्थ्य संस्थामा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी आपूर्ती हुनुपर्नेछ ।
(ट) स्वास्थ्य संस्थाभित्र चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्नेछ । लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनुपर्नेछ ।
(ठ) बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनुपर्नेछ ।

(८) सरसफाई तथा फोहोरमैला व्यवस्थापन

(क) स्वास्थ्य संस्थाको नियमित सरसफाइ हुनुपर्नेछ । स्वास्थ्य संस्थाको विभिन्न कक्ष वा विभागहरुमा पर्याप्त पानी र साबुन सहितको शौचलयको व्यवस्था हुनुपर्नेछ ।
(ख) स्वास्थ्य संस्थामा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल, जस्ता लुगा कपडा धुनको लागि आवश्यक व्यवस्था भएको हुनुपर्नेछ ।
(ग) स्वास्थ्य संस्थाबाट निष्काशित फोहोरमैलाको व्यवस्थापन प्रचलित ऐन, नियम, निर्देशिका वा कार्यविधिमा तोकिए अनुसार गर्नुपर्नेछ ।
(घ) स्वास्थ्य संस्थाबाट निस्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।
(ङ) स्वास्थ्य संस्थाबाट निस्कने संक्रमणजन्य फोहोरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्नेछ ।

(९) विविध

(क) स्वास्थ्य संस्थाका बिरामी भर्ना हुने भएमा वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनुपर्नेछ ।
(ख) स्वास्थ्य संस्थाको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामाग्री औजार, उपकरण तथा औषधीको न्यूनतम मौज्दात रहनुपर्नेछ र सो सामाग्रीहरुको उपयुक्त भण्डारणको Refrigerator, Ventilation, A/C, साथै निर्मलीकरण कक्ष व्यवस्था गरेको हुनुपर्नेछ ।
(ग) स्वास्थ्य संस्थामा सेवाप्रदायक तथा सेवाग्राहीका लागि आवश्यक सुरक्षा प्रवन्ध भएको हुनुपर्नेछ साथै आपतकालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।
(घ) अस्पतालहरुले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ र सोको एक प्रति नगरपालिकामा अनिवार्य रुपमा बुझाउनुपर्नेछ । सो कार्यका लगि सम्पर्क व्यक्ति समेत तोकी सो को जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।
(ङ) स्वास्थ्य संस्थाले प्रचलित कानूनको अधिमा रही स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

## परिच्छेद- ५

### *अस्पताल सम्बन्धी मापदण्ड*

१७. अस्पताल स्थापना तथा संचालनका लागि भौतिक पूर्वाधार तथा अस्पताल सम्बन्धी मापदण्ड

(१) अस्पतालको भवन

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(क) अस्पतालको कुल निर्माण क्षेत्रफल प्रति शैया ८६ वर्ग मिटरका दरले हुनुपर्नेछ। उक्त क्षेत्रभित्र सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको क्षेत्र समावेश भएको हुनुपर्नेछ। सो बाहेक भान्सा घर, लुगा धुने कोठा, जेनेरेटर कक्ष, कर्मचारी आवास, भण्डार कक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनुपर्नेछ।

(ख) आकस्मिक सेवाका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्यक ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ।

(२) बहिरंग विभाग

(क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको हुनुपर्नेछ।
(ख) अस्पतालमा न्यूनतम सामान्यतया सामान्य चिकित्सा, बालरोग, सामान्य शल्यक्रिया सेवा हुनुपर्ने तथा पूर्वाधार पुरा गरी अन्य सेवा स्वैच्छिक रुपमा सञ्चालन गर्न सक्नेछ।
(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको हुनुपर्नेछ।
(घ) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिका १४ वर्गमिटर हुनुपर्नेछ। शौचलय, प्रतिक्षालय, विशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त हुनुपर्नेछ।

(३) आकस्मिक सेवा

(क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ।
(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वोर्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने ( ह्विलचेर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ।
(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज, चेन्जिङ्ग रुम, गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनुपर्नेछ।
(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिन व्यवस्था मिलाएको हुनुपर्नेछ।
(ङ) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल (On Call) मा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ।
(च) आकस्मिक विभागबाट विरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया तथा विरमी सार्ने पद्धती स्पष्ट रुपमा परिभाषित रहेको हुनुपर्नेछ।
(छ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपाचार सेवाका लागि संस्थाले विपत् व्यवस्थापन योजना बनाएको हुनुपर्नेछ।
(ज) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care(PTC)/ Advance Cardiac Life Support(ACLS)/ Advance Trauma Life Support (ATLS) आदी सम्बन्धी तालिम लिएको हुनुपर्नेछ।

(४) अन्तरंग विभाग
(क) अस्पतालको शैया क्षमताको आधारमा डाक्टरको ड्युटी रुम, पेन्ट्री (दराज, र्याक, खाना राख्ने ठाँउ आदी), आइसोलेसन रुम, ट्रिटमेण्ड रुम, शौचालय आदिको व्यवस्था भएको हुनुपर्नेछ।
(ख) शैया बीचको दूरीको सम्वन्धमा साधारण शैया (General) बीचको दूरी कम्तीमा ४ फिट हुनुपर्ने र साथै भित्तासँग कम्तिमा एक फिटको दूरीका शैया राख्नुपर्नेछ।
(ग) अस्पतालमा बच्चा, सुत्केरी, अब्जर्भेसन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था भएको हुनुपर्नेछ।
(घ) जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातका १ स्टाफ नर्स व्यवस्था भएको हुनुपर्नेछ।
(ङ) लेबर रुमको छुट्टै व्यवस्था भएको हुनुपर्नेछ साथै लेवर रुमका लागि छुट्टै शौचालयको व्यवस्था हुनुपर्नेछ।
(च) अस्पतालमा शल्यक्रिया पश्चात पनि विरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनुपर्नेछ र तत्पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनुपर्नेछ।
(छ) नर्सिङ ड्युटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नुपर्नेछ। उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्नेछ।

(५) शल्यक्रिया कक्ष (Operation Theater)

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(क) सर्जिकल सेवा प्रदान गर्ने न्यूनतम एउटा मेजर ओ.टी. र एउटा एनेस्थेसिक तयारी कक्षको व्यवस्था भएको हुनुपर्नेछ।
(ख) अक्सिजन आपूर्तिको नियमित व्यवस्था हुनुपर्नेछ।
(ग) ओ.टी. वातानुकूलित गराईएको हुनुपर्नेछ।
(घ) अत्यावश्यकीय सेवा तथा सामाग्रीहरु उपलब्ध भएको हुनुपर्नेछ।
(ङ) ओ.टी. को बाहिर बिरामी कुरुवा बस्ने व्यवस्था हुनुपर्नेछ।
(च) प्रत्येक मेजर ओ.टी. को लागि पोष्ट अपरेटिभ वार्डको व्यवस्था भएको हुनुपर्नेछ।
(छ) बिजुली अवरुद्ध नहुनेगरी पावर ब्याकअप भएको हुनुपर्नेछ।

(६) एलाईड हेल्थ तथा निदानात्मक सेवा

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनुपर्नेछ।
(ख) प्रयोगशाला सम्बन्धी थप मापदण्ड दफा २३ अनुसार हुनेछ।
(ग) रेडियो डायग्नोस्टिक ,अल्ट्रसाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरु ओ.पी.डी., ओ.टी. तथा वार्डहरुलाई समेत सजिलै बिरामी ल्याउन सकिने (व्हीलचेयर/ट्रली, स्टेचर ) गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ।
(घ) रेडियो इमेजिङ सम्बन्धी थप मापदण्ड दफा २४ अनुसार हुनेछ।
(ङ) यस्ता सेवा प्रदान गरिने कोठाहरुका प्रतिक्षालय, चेन्जिङ रुमको समेत व्यवस्था भएको हुनुपर्नेछ।
(च) अस्पतालमा पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधत्मक सेवा उपलब्धताका लागि प्राथमिकता दिनुपर्नेछ।

(७) औषधी पसल (Pharmacy)

(क) अस्पताल हाताभित्र औषधी पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गर्नुपर्नेछ।
(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ।
(ग) फार्मेसी भित्रका औषधीको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनुपर्ने साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्नेछ।
(घ) उपचारमा प्रयोग गरिने लागू औषधीहरु (Narcotic Druges) लागू औषध (नियन्त्रण) ऐन बमोजिम स्वास्थ्य संस्थाका चिकित्सकको लिखित प्रेस्क्रिप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ। साथै औषधीको आम्दानी तथा वितरणको अभिलेख राख्नुपर्नेछ।
(ङ) म्याद नाघेका औषधीहरु नियमित रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नुपर्नेछ।
(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ।
(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पुर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ।
(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नुपर्नेछ।

१८. औजार तथा उपकरण सम्बन्धी व्यवस्था : (१) अस्पतालका लागि आवश्यक औजार उपकरण सम्वन्धमा देहाय बमोजिमको व्यवस्था भएको हुनुपर्नेछ :

(क) अस्पतालले प्रदान गर्ने सेवाको प्रकृति अनुसारका आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ।
(ख) अस्पतालमा प्रयोग गरिने औजार तथा उपकरणहरु गुणस्तरीय तथा प्रविधिमैत्री हुनुपर्नेछ।
(ग) प्रयोग गरिने औजार तथा उपकरणहरु चालु हालतमा हुनुपर्ने र नियमित मर्मत सम्भारको व्यवस्था गर्नुपर्नेछ।

१९. मानव संसाधन व्यवस्थापन : (१) अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ :

(क) अस्पतालमा कम्तिमा २ जना विशेषज्ञ चिकित्सक हुनुपर्नेछ।
(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तीमा एक जना शल्यचिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना सहायक, एक जना शल्यक्रिया सहायक र एक जना नर्स भएको हुनुपर्नेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) [illegible] (General Ward) मा प्रति [illegible] छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनुपर्नेछ।
(घ) [illegible] पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति दुई शैयामा एक जना नर्स भएको हुनुपर्नेछ।
(ङ) प्रसूती कक्षको लेबर बेडमा प्रति बेड दुई एस.बी.ए. (Skill Birth Attendants) तालिम प्राप्त नर्सको व्यवस्था भएको हुनुपर्नेछ।
(च) अस्पतालमा कम्तीमा एक जना मेडिकल रेकर्डर भएको हुनुपर्नेछ।
(छ) अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिको व्यवस्था हुनुपर्नेछ।
(ज) अस्पतालमा कम्तीमा दुई तिहाइ पुर्णकालीन स्वास्थ्यकर्मी हुनुपर्नेछ।
(झ) सरकारी स्वास्थ्यकर्मीहरुबाट सेवा लिनुपर्ने अवस्थामा सम्वन्धित निकायको स्वीकृति पत्र लिएको हुनुपर्नेछ।
(ञ) हरेक स्वास्थ्यकर्मीले सम्वन्धित व्यवसायिक काउन्सिलबाट दर्ता नम्वर लिएको हुनुपर्नेछ।
(ट) विदेशी स्वास्थ्यकर्मी वा स्वयमसेवकले सम्वन्धित मन्त्रालयको सिफारिसमा सम्वन्धित काउन्सिलबाट स्वीकृति लिएको हुनुपर्नेछ।

## परिच्छेद- ६
## *स्वास्थ्य क्लिनिक सम्वन्धी व्यवस्था*

२०. स्वास्थ्य क्लिनिक सम्वन्धी मापदण्ड तथा पूर्वाधार :

(१) स्वास्थ्य क्लिनिकमा एक जना चिकित्सकको व्यवस्था हुनुपर्नेछ।
(२) स्वास्थ्य जाँच गर्ने चिकित्सकले मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सा सम्वन्धी उपाधी प्राप्त गरी सम्वन्धित विषयका कम्तीमा स्नातकोत्तर गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।
(३) विशेषज्ञ चिकित्सक सम्वन्धित विषयमा कम्तीका स्नातकोत्तर गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।
(४) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तिर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ।
(५) स्वास्थ्य क्लिनिकबाट प्रदान गरिने सेवाका आधारमा फुलटाइम र पार्टटाइम कर्मचारीको व्यवस्था गर्नुपर्नेछ।
(६) स्वास्थ्य क्लिनिकमा रेडियोलोजी इमेजिङ सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा संचालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्वन्धी निर्धारित पूर्वाधार पूरा गर्नुपर्नेछ।

(७) स्वास्थ्य क्लिनिक स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका भौतिक सुविधा हुनुपर्नेछ।
(क) बिरामीको जाँच गर्ने भेन्टिलेसन भएको वा वातानुकुलित कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरका) हुनुपर्नेछ।
(ख) बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ), बिरामी जाँच्ने वेड लगायत टेवुल कुर्सीको आवश्यक प्रबन्ध हुनुपर्नेछ।
(ग) स्वास्थ्य शिक्षा सम्वन्धी सूचनामूलक पोष्टर तथा अन्य सामाग्रीको उचित व्यवस्थापन गरिएको हुनुपर्नेछ।
(घ) आधारभूत उपकरणहरु जस्तै थर्मेमिटर, स्टेथोस्कोप, ब्लड प्रेशर जाँच्ने मेशिन, तौल लिने मेशिन, उचाई नाप्ने मेशिन, रग डिप्रेशर आँखा, नाक, कान जाच्ने सेट, प्रोक्टोस्कोप, टार्च लाइट साथै व्यक्तिगत सुरक्षा सामाग्री जस्तै पन्जा, मास्क, एप्रोन लगायतका सामाग्रीको उचित व्यवस्था हुनुपर्नेछ।
(ङ) स्वास्थ्य सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नुपर्नेछ।
(९) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टरको प्रयोग गर्नुपर्नेछ।
(१०) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ।
(११) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीको सम्वन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि राख्नुपर्नेछ।
(१२) नेपाल सरकार वा नगरपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन नगरपालिकामा पठाउनुपर्नेछ।

## परिच्छेद- ७
## *प्रयोगशाला सम्वन्धी व्यवस्था*

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२५. प्रयोगशाला सेवा : (१) प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड, स्तर विभाजन र जनशक्ति स्वास्थ्य प्रयोगशाला तथा संचालन मापदण्ड निर्देशिका २०७३ तथा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको कार्यविधि बमोजिम हुनेछ।

(२) प्रयोगशालामा काम गर्ने जनशक्तिले अनुसूचित सम्वन्धित स्वास्थ्य परिषदमा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्नेछ र आफ्नो नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नम्वर उल्लेखित स्टाफ वा प्रिन्टको प्रयोग रिपोटिङमा अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ।

(३) प्रयोगशालामा दिइएको सेवाको विवरण, सेवाग्राही संख्या उल्लेख गरी प्रत्येक महिना नगरपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद- ८

## *रेडियो इमेजिङ सेवा सम्बन्धी व्यवस्था*

२६. रेडियो इमेजिङ सेवा सञ्चालन गर्नका लागि आवश्यक पुर्वधार तथा सर्त : (१) रेडियो इमेजिङ सेवा सञ्चालन गर्न देहाय बमोजिमका प्रविधिक मध्य कम्तीमा कुनै एक समावेश गरिएको हुनुपर्नेछ।

(क) X-Ray (300MA;DD) (ख) Ultrasonogram(USG) (ग) CT Scan

(२) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिंदा वा सिफारिस गर्दा देहाय बमोजिमको मापदण्डलाई आधार मानिनेछ :

(क) एक्सरेका लागि आवश्यक व्यवस्था : (१) एउटा एक्सरे मेशिनका लागि कम्तीका २२५ स्क्वायर फिटको कोठा हुनुपर्नेछ।

(२) एक्सरे गर्ने कोठाको Wall Thinkness 9 Inch With Plaster of Paris वा 6 Inch With 20 mm Lead Barrier वा २.० एम एम Lead Thickness हुनुपर्नेछ। साथै झ्याल, ढोका तथा भित्ताबाट विकिरणको चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्नेछ।

(४) एक्सरे सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा Rediation Protective Measures को व्यवस्था हुनुपर्नेछ।

(५) Radiology मा कार्यरत कर्मचारीहरुका लागि Radiation Dose Monitor उपलब्ध हुनुपर्नेछ र सोको नियमितमा Radiation Survey Monitor गर्नुपर्नेछ।

(६) Eye, Gonadal, Thyroid Gland आदिका Protection को लागि Lead glass/gloves/leadaporn को व्यवस्था हुनुपर्नेछ।

(७) X-ray एक्स्पोज गर्ने कोठा डार्क र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्नेछ।

(८) Radiology विभागमा सार्वसाधारणका पहुँच पुग्ने (Exposure) ठाँउमा X-ray विकिरणले स्वास्थ्यमा खराब असर पर्नसक्छ भन्ने बारे सूचना गर्नुपर्नेछ। साथै सूचनामा गर्भवती महिला तथा बालबालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने समेत गरेको हुनुपर्दछ।

(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति : (१) रेडियोलोजी सेवाका लागि सेवाको तह अनुसार आवश्यक जनशक्ति देहाय बमोजिम हुनुपर्नेछ।

(क) रेडियोलोजीष्ट

(ख) रेडियोग्राफिक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजी)

(ग) रेडियोग्राफर : मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(२) स्वस्थ्या संस्थाले उपलब्ध गराउने सेवाको प्रकार अनुसार जनशक्तिको व्यवस्थावन गर्नुपर्नेछ।

(ग) Radiation Mearsurement and Protection Measurement and Protection सम्बन्धी व्यवस्था विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुनुपर्नेछ। कुनै काम गर्ने व्यक्तिमा radiation sf dose 20 Mili sievert per year (WHO) को सन् २००२ को मापदण्ड अनुसार देखिएमा सम्बन्धित संस्थाले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ।

(घ) Ultrasonogram (USG) : Ultrasonogram (USG) को प्रयोग सम्बन्धमा :

(१) USG सेवा लिन आउनेका लागि आकस्मिक सेवा प्रदान गर्न स्वास्थ्यकर्मीको व्यवस्था भएको हुनुपर्नेछ।

## परिच्छेद- ९

## *अयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड*

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद- ९

### आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड

१. आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पतालहरुको गुणस्तर तथा पूर्वाधार सम्बन्धि मापदण्ड :

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाप्रदान गर्ने अस्पतालले देहाय बमोजिमका व्यवस्था तथा मापदण्डको पालना गर्नु पर्नेछ ।

| क्र.सं. | विवरण | आयुर्वेद अस्पताल | होमियोप्याथी अस्पताल | प्रकृतिक चिकित्सा अस्पताल | एक्युपन्चर/ एक्युप्रेसर अस्पताल |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधारहरु : अस्पताल भवन आफ्नो वा भाडामा, पार्किङ्गस्थल, खुल्लाजग्गा अस्पताल प्रवेशमार्ग र निकासको छुट्टाछुट्टै व्यवस्था, यातायातको सुविधा, प्रतिक्षालय, सोधपुछ कक्ष आदि आवश्यकता अनुसार उपलब्ध भएको | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| | सेवा : बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा | | | | |
| | जनशक्ति | | | | |
| | विशेषज्ञ चिकित्सक (सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त) | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार |
| | चिकित्सक | २ जना | २ जना | २ जना | २ जना |
| | प्रमाणपत्र तह सरहको सम्बन्धित विषयको स्वास्थ्यकर्मी | ३ जना | ३ जना | ३ जना | ३ जना |
| | पञ्चकर्म सहायक | आवश्यकता अनुसार | लागू नहुने | लागू नहुने | लागू नहुने |
| | अभ्यङ्गकर्ता | आवश्यकता अनुसार | लागू नहुने | लागू नहुने | लागू नहुने |
| | मेट्रोन (सिस्टर) | १ जना | १ जना | १ जना | १ जना |
| | स्टाफ नर्स | २ जना | २ जना | २ जना | २ जना |
| | अ.न.मी. | २ जना | २ जना | २ जना | २ जना |
| | मेडिकल रेकर्डर | १ जना | १ जना | १ जना | १ जना |
| | प्रशासन लेखाकर्मचारी | १ जना | १ जना | १ जना | १ जना |
| | कार्यालय सहयोगी | ४ जना | ४ जना | ४ जना | ४ जना |
| | कुचिकार | २ जना | २ जना | २ जना | २ जना |
| | माली | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार |
| | ड्राइभर | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार |
| | सुरक्षा गार्ड | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार |
| | उपकरण | | | | |
| | अस्पतालको सेवाका लागि आधारभूत औजार उपकरण (जस्तै थर्मोमिभटर, वि.पी. सेट, अक्सिमिटर, तौल लिने मेसिन, टर्चलाईट, अटोक्लेभ, इएनटि सेट आदि) जनरल अस्पताल सरह हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| | अस्पतालले उपलब्ध गराउने सेवा अनुसार आवश्यक पर्ने न्यूनतम उपकरणको व्यवस्था हुनुपर्ने | | | | |
| | सम्पूर्ण शरीरका वाष्पस्नान यन्त्र, स्थानीय वाष्पस्नान यन्त्र, कटिस्नान टव, रीढस्नान टव, एनीमा (Enema), विभिन्न प्रकारका पट्टिहरु (चिसा पट्टि), सेकका यन्त्रहरु, माटो चिकित्सामा | | | हुनुपर्ने | |

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रयोग हुने उपकरणहरु, एक्स-किरण तथा कत्सामा प्रयोग हुने सामाग्री ... प्रयोगशाला ... निदान, ... कोपड प्रयोगशाला ... लागि आवश्यक सामाग्री | | | | हुनुपर्ने |
| ५ | अन्तरङ्ग सेवा (Indoor) | | | | |
| | वार्ड : पुरुष कोठा १०*२० स्क्वयर फिट | २ | २ | २ | २ |
| | महिला कोठा १०*२० स्क्वयर फिट | २ | २ | २ | २ |
| | शौचालय पुरुष तथा महिलाका लागि छुटाछुटै। | ४ | ४ | ४ | ४ |
| | Wheelchair / स्ट्रेचर / ट्रली | १/१ | १/१ | १/१ | १/१ |
| | लकर सहितको बेडसाइड क्याबिनेट | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| | चिकित्सक कक्ष | १ | १ | १ | १ |
| | नर्स ड्युटी रुम | १ | १ | १ | १ |
| ६ | औषधी स्टोरका पूर्वधार | | | | |
| | औषधि भण्डारण कोठा | १ | १ | १ | १ |
| | बिरामीको पुर्जा दर्ता गर्ने कक्ष | १ | १ | १ | १ |
| | औषधी वितरण गर्ने टेबल कुर्सी | १ | १ | १ | १ |
| | बिरामीका सोधी सोधपुछ तथा सहयोग कक्ष | १ | १ | १ | १ |
| ७ | बहिरंग विभाग (OPD) | | | | |
| | बिरामी दर्ता कक्ष | १ | १ | १ | १ |
| | बिरामी जाँच्ने कोठा | २ | २ | २ | २ |
| | लेखा प्रशासन कक्ष | १ | १ | १ | १ |
| ८ | आकस्मिक सेवा सुविधा | | | | |
| | अक्सिजन सेट | २ सेट | २ सेट | २ सेट | २ सेट |
| | आकस्मिक सेवामा आश्यक अन्य उपकंरण विशेषज्ञ सेवाका हकमा सोही अनुसारका जनशक्ति कक्ष र आवश्यक उपकण हुनुपर्ने । | हरेकका २/२ सेट आवश्यकता अनुसार | | | |
| ९. | प्रयोगशाला कोठा | सेवा अनुसार | सेवा अनुसार | माटो पानी आदि गुणस्तर जाँच गर्ने कोठा | सेवा अनुसार |
| १०. | मनोपरामर्श एवं जीवनशैली कोठा | सेवा अनुसार | सेवा अनुसार | सेवा अनुसार | सेवा अनुसार |
| ११. | योगासन, प्राणायाम, ध्यान आदिका लागि कक्ष ( १६*३२) | सेवा अनुसार | सेवा अनुसार | सेवा अनुसार | सेवा अनुसार |
| १२. | पूर्वकर्म सेवा (प्रत्येक सेवाका लागि अलग अलग कक्ष हुनुपर्ने) | आवश्यकता अनुसार | सेवा अनुसार | सेवा अनुसार | सेवा अनुसार |
| १३. | पञ्चकर्म सेवा (५ वटा सेवाका लागि अलग अलग कक्ष हुनुपर्ने) | आवश्यकता अनुसार | सेवा अनुसार | सेवा अनुसार | सेवा अनुसार |
| १४. | उपचार सेवाका कोठा (जल चिकित्सा सेवा, माटो चिकित्सा, चुम्बक चिकित्सा, मालिस एवं अन्य प्राकृतिक चिकित्सा सेवाका लागि) | आवश्यकता अनुसार | सेवा अनुसार | प्रत्येक सेवाका लागि अलग अलग कक्ष | सेवा अनुसार |
| १५. | विविध | | | | |
| | फिजियोथेरापी कक्ष र सामाग्री | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार |
| | भान्साघर तथा भोजनालय (चिकित्सकको सल्लाह अनुसारका भोजन दिन सक्ने) | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकताअनुसार | आवश्यकता अनुसार |
| | फलफूल सहित स्वच्छ वातावरण र औषधीयुक्त | आवश्यकता | आवश्यकता | आवश्यक | आवश्यकता |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | हर्वोरियम | अनुसार | अनुसार | ताअनुसार | अनुसार |

(२) उपदफा १ मा लेखिएको बाहेक वा स्पष्ट नभएको हकमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पतालले जनरल अस्पताल सरहको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।
(३) अस्पतालमा कार्यरत जनशक्ति मध्य कम्तीमा दुई तिहाई संख्या पूर्णकालीन कर्मचारी हुनुपर्ने साथै उक्त प्रतिशत तोकिएको पद अनुसार छुट्टाछुट्टै लागू हुनेछ।
(४) अस्पतालले प्रयोगशाला, रेडियो इमेजिङ सेवा वा अन्य सेवा प्रदान गर्ने भएमा सम्बन्धित विषयका जनशक्ति र सामाग्री सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण सम्बन्धी छुट्टाछुट्टै मापदण्ड पूरा गर्नुपर्नेछ।

**२४. आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने सम्बन्धी मापदण्ड तथा पुर्वधार :**

(१) आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने स्वास्थ्य क्लिनिकले देहाय बमोजिमका मापदण्ड तथा पूर्वाधार पुरा गर्नुपर्नेछ।

| क्र.सं. | विवरण | आयुर्वेद अस्पताल | होमियोप्याथी अस्पताल | एक्युपन्चर/ एक्युप्रेसर अस्पताल |
|---|---|---|---|---|
| १. | **भौतिक पुर्वाधार** | | | |
| | बिरामीको जाँच गर्न भेन्टिलेसन भएको वा वातानुकुलित कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरका) | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| | बिरामी बस्ने ठाँउ (कुनै ठाँउ), बिरामी जाँच्ने वेड लगायत टेबुल कुर्सीको आवश्यक प्रबन्ध | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| | स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामाग्रीको उचित व्यवस्थापन गरिएको | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| २ | **जनशक्ति** | | | |
| | चिकित्सक (मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि स्नातक सरहको चिकित्सा सम्बन्धी उपाधी प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने) | १ जना | १ जना | १ जना |
| | कविराज /वैद्य वा सो सरहको कर्मचारी (परामर्श सेवाका लागि) | १ जना | १ जना | १ जना |
| | सहयोगी कर्मचारी | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार |
| ३ | **उपकरण** | | | |
| | थर्मोमिट, स्टेथोस्कोप, ब्लड प्रेशर जाँच्ने मेसिन, तौल लिने मेशिन, उचाई नाप्ने मेशिन, टंग डिप्रेशर, आँखा, नाक, कान जाँच्ने सेट, प्रोक्टोस्कोप, टर्च लाइट साथै व्यक्तिगत सुरक्षा सामाग्री उपलब्धता | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| | स्वास्थ्य सेवा र विशेषज्ञता अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |
| ४ | **अभिलेख प्रतिवेदन** | | | |
| | कम्प्युटर वा रजिष्टर मार्फत सेवाको विवरणको अभिलेख तथा प्रतिवेदनको व्यवस्था | हुनुपर्ने | हुनुपर्ने | हुनुपर्ने |

(२) आयुर्वेद पूर्वकर्म पञ्चकर्म सेवा प्रदान गर्ने क्लिनिकले देहाय बमोजिमका मापदण्ड पूर्वाधार पुरा गर्नुपर्नेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क.सं. | विवरण | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | **भौतिक पूर्वाधार** | | |
| | बिरामीको जाँच गर्ने भेन्टिलेसन भएको वा वातानुकुलित कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरको) | हुनुपर्ने | |
| | बिरामी बस्ने ठाँउ (कुर्ने ठाँउ), बिरामी जाँच्ने वेड लगायत टेबुल कुर्सीको आवश्यक प्रबन्ध | हुनुपर्ने | |
| | अभ्यङ्ग, स्वेदन, स्नान, वमन, विरेचन, शिरोविरेचन, वस्ति आदि उपचार कक्षहरु | सेवा अनुसार छुट्टाछुट्टै | |
| | औषधी निर्माण कक्ष | १ | |
| २ | **जनशक्ति** | | |
| | चिकित्सक (मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि स्नातक सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने) | १ जना | |
| | पञ्चकर्म चिकित्सा सहायक : आयुर्वेद चिकित्सा प्रणालीमा प्रमाणपत्र तह वा आयुर्वेद स्वास्थ्य सहायक तह उत्तिर्ण गरी न्यूनतम ३ महिनाका पञ्चकर्म तालिम प्राप्त गरेका हुनुपर्नेछ। | १ जना | |
| | पञ्चकर्म सह-सहायक : कम्तिमा एस.एल.सी. उत्तीर्ण गरी आयुर्वेद चिकित्सकका मातहतमा रही सो सम्बन्धी आवश्यक कर्महरुको तालिम सहितको २ बर्षको अनुभव प्राप्त गरेको | १ जना | |
| | अभ्यङ्गकर्ता : कम्तिमा एस.एल.सी. उत्तिर्ण गरी २ वर्षसम्म आयुर्वेद चिकित्सकका मातहतका बसी हभ्यङ्गकर्ताका रुपमा अनुभव प्राप्त गरेका | १ जना | |
| | सहयोगी कर्मचारी | आवश्यकता अनुसार | |
| ३ | **उपकरण** | | |
| | थर्मोमिटर, स्टेथोस्कोप, ब्लड प्रेशर जाँच्ने मेशिन, तौल लिने मेशिन, उचाई नाप्ने मेशिन, टंग डिप्रेशर,आँखा, नाक, कान जाँच्ने सेट, प्रोक्टोस्कोप, टर्च लाइट साथै व्यक्तिगत सुरक्षा सामाग्री जस्तै पञ्जा, माक्स, एप्रोन लगायतका सामाग्रीं उपलब्धता | हुनुपर्ने | |
| | स्वास्थ्य सेवा र विशेषज्ञता अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था | हुनुपर्ने | |
| | | सेवा अनुसार | |
| ४ | **अभिलेख प्रतिवेदन** | | |
| | कम्प्युटर वा रजिष्टर, मार्फत सेवाको विवरणको अभिलेख तथा प्रतिवेदन व्यवस्था | हुनुपर्ने | |

(३) उपदफा (१) वा (२) मा लेखिएको बाहेक वा स्पष्ट नभएको हकमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रदान गर्ने क्लिनिकहरुले स्वास्थ्य क्लिनिक सरहको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।
(४) आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्लिनिकमा रेडियोलोजी इमेजिङ सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा संचालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूरा गर्नुपर्नेछ।
(५) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि पंचकर्मका प्रधानकर्म संचालनका लागि अन्तरंग सेवा संचालन स्वीकृति अनिवार्य हुनेछ।

## परिच्छेद- १०

## *अन्य स्वास्थ्य प्रदायक संस्थाको गुणास्तर तथा पूर्वधार सम्बन्धी मापदण्ड*

**२५. फिजियोथेरापी तथा पूनर्स्थापना केन्द्रको मापदण्ड तथा पूर्वधार**

| क.सं. | विवरण | मापदण्ड |
|---|---|---|
| १. | **भौतिक पूर्वाधारहरु** : अस्पताल भवन आफ्नो वा भाडामा, पार्किङ्गस्थल, खुल्ला जग्गा अस्पताल प्रवेशमार्ग र निकासको छुट्टाछुट्टै व्यवस्था, यातायातको सुविधा, प्रतिक्षालय, सोधपुछ कक्ष आदि | हुनुपर्ने |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | आवश्यकता अनुसार उपलब्ध भएको । | |
| २. | सेवा : बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा | |
| ३. | जनशक्ति | |
| | विशेषज्ञ चिकित्सक (सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त) | आवश्यकता अनुसार |
| | चिकित्सक | १ जना |
| | फिजियोथेरापिष्ट | १ जना |
| | फिजियोथेरापीमा प्रमाणपत्र तह वा सो सरहको सम्बन्धित विषयको स्वास्थ्यकर्मी | २ जना |
| | स्पिच थेरापी | सेवा अनुसार |
| | अकुपेशन थेरापिष्ट | सेवा अनुसार |
| | डायटिशियन | सेवा अनुसार |
| | स्टाफ नर्स | आवश्यकता अनुसार |
| | अ.न.मी. | आवश्यकता अनुसार |
| | ल्याव टेक्निसियन/असिस्टेण्ड | आवश्यकता अनुसार |
| | रेडियोग्राफर/सहायक रेडियोग्राफर | आवश्यकता अनुसार |
| | प्रशासन/लेखा | १ जना |
| | कार्यालय सहयोगी | ३ जना |
| | कुचिकार | २ जना |
| ४. | **उपकरण** | |
| | अस्पतालको सेवाका लागि आधारभूत औजार उपकरण जनरल अस्पताल सरह आवश्यक हुने । | |
| | Traction, IFT(Interferential Treatment), Ultrasound(Treatment) unit,TENS(Transscutaneous nerve stimulation), Muscle stimulator, Parallel bar, Quadriceps Table, Therabands, Heel exerciser, CPM machine knee,CPM machine elbow, Physio ball, Moist heat unit, wax unit, foot step, Shourder wheel, Pulley Set, Static Cycle, Weight Cuffs, Dumbbell set, Shotwave diathermy, Tit table (electronic), Micr0Wave diathermy,Cryotherapy unit, Hand exercise table, Mobilization table bed, Ergometer,Shockwave Therapy, Multi-gym exercise set लगायत सामाग्री | |
| ५. | **अन्तरङ्ग सेवा (Indoor)** | |
| | वार्ड : पुरुष कोठा १०*२० स्क्वयर फिट | १ |
| | महिला कोठा १०*२० स्क्वयर फिट | १ |
| | चिकित्स कोठा १०*१० स्क्वयर फिट | १ |
| | शौचालय (पुरुष तथा महिलाका लागि छुटाछुटै) | १ |
| | Wheelchair/स्टचर/ट्रली | आवश्यक अनुसार |
| | चाट/लकर/फाइल कवीनेट | आवश्यक अनुसार |
| | चिकित्सक कक्ष | १ |
| | नर्स ड्युटी रुम १०*१५ स्क्वयर फिट | १ |
| ६. | **औषधी स्टोर** | |
| | भेन्टिलेसनयुक्त १०*१२ कोठा स्क्वयर फिट | १ |
| | विरामी पुर्जा दर्ता गर्ने कक्ष | १ |
| | औषधी बनाउने टेबल कुर्सी | १ |
| | विरामीका लागि सोधपुछ तथा सहयोग कक्ष | १ |
| ७. | **बहिरंग विभाग (OPD)** | |
| | विरामी दर्ता कक्ष | १ |
| | विरामी जाँच्ने कोठा | १ |
| ८. | **आकस्मिक सेवा सुविधा** | |

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | अक्सिजन सेट | २ सेट |
| | आकस्मिक सेवामा आवश्यक अन्य उपकरण विशेषज्ञ सेवाका हकमा सोही अनुसारका जनशक्ति, कक्ष र आवश्यक उपकरण | हरेक २/२ सेट आवश्यक अनुसार |

(२) उपदफा १ मा लेखिएको बाहेक वा स्पष्ट नभएको हकमा फिजियोथेरापी अस्पतालहरुले जनरल अस्पताल सरहको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(३) फिजियोथेरापी अस्पतालले प्रयोगशाला, रेडियो इमेजिङ सेवा वा अन्य सेवा प्रदान गर्ने भएमा सम्वन्धित विषयका जनशक्ति र सामाग्री सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण सम्वन्धी छुट्टाछुट्टै मापदण्ड पूरा गर्नुपर्नेछ ।

**२६. पोषण केन्द्र र घरैमा दिईने स्वास्थ्य सेवा :**

(१) पोषण केन्द्रमा स्वास्थ्य सेवा प्रदान गर्दा विरामीलाई भर्ना गर्ने भएमा देहाय बमोजिमको मापदण्ड पालन गर्नुपर्नेछ । वाहिरंग सेवा मार्फत उपचार र परामर्श सेवा प्रदान गर्दा स्वास्थ्य क्लिनिक सरहको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

| क्र.सं. | विवरण | मापदण्ड |
|---|---|---|
| १. | **भौतिक पूर्वाधारहरु** : अस्पताल भवन आफ्नो वा भाडामा, पार्किङ्गस्थल, खुल्ला जग्गा अस्पताल प्रवेशमार्ग र निकासको छुट्टाछुट्टै व्यवस्था, यातायातको सुविधा, प्रतिक्षालय, सोधपुछ कक्ष आदि आवश्यकता अनुसार उपलब्ध भएको । | हुनुपर्ने |
| २. | **सेवा** | आवश्यक अनुसार |
| ३. | **जनशक्ति** | |
| | विशेषज्ञ चिकित्सक (सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त) | आवश्यक अनुसार |
| | चिकित्सक | २ जना |
| | प्रमाणपत्र तह वा सो सरहको सम्बन्धित विषयको स्वास्थ्यकर्मी | २ जना |
| | स्टाफ नर्स | १ जना |
| | अ.न.मी. | ३ जना |
| | ल्याव टेक्निसियन/असिस्टेण्ड | आवश्यक अनुसार |
| | रेडियोग्राफर/सहायक रेडियोग्राफर | आवश्यक अनुसार |
| | प्रशासन/लेखा | १ जना |
| | कार्यालय सहयोगी | ३ जना |
| | कुचिकार | २ जना |
| ४. | **उपकरण** | |
| | अस्पतालको सेवाका लागि आधारभूत औजार उपकरण जनरल अस्पताल सरह आवश्यक हुने । | |
| | सेवा अनुसारको विशेष सेवा हुनुपर्नेछ । | |
| ५. | **अन्तरङ्ग सेवा (Indoor)** | |
| | वार्ड : पुरुष कोठा १०*२० स्क्वयर फिट | १ |
| | महिला कोठा १०*२० स्क्वयर फिट | १ |
| | चिकित्स कोठा १०*१० स्क्वयर फिट | १ |
| | शौचालय (पुरुष तथा महिलाका लागि छुटाछुटै) | १ |
| | Wheelchair/स्टचर/ट्रली | आवश्यक अनुसार |
| | चाट/लकर/फाइल कवीनेट | आवश्यक अनुसार |
| | चिकित्सक कक्ष | १ |
| | नर्स ड्युटी रुम १०*१५ स्क्वयर फिट | १ |
| ६. | **औषधी स्टोर** | |
| | भेन्टिलेसनयुक्त १०*१२ कोठा स्क्वयर फिट | १ |
